बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि तथा पशुपन्छी विकास कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय कृषि विकास निर्देशनालय कृषि तथा पशुपन्छी विकास कार्यालय, रामेछाप

कृषि कार्यक्रमहरूमा सहभागी हुने कृषकहरुको किसान सूचिकरण प्रणालीमा दर्ता भएको दर्ता नम्बर प्रयोग हुने सम्बन्धी सूचना

सूचना नं. ०७/०८३/०८४

प्रकाशित मितिः- २०८३/०७/११ गते

प्रस्तुत विषयमा वास्तविक किसानको पहिचान गरी सरकारी तवरबाट तथ्यपरक योजना तथा कार्यक्रमको तर्जुमा गर्न र किसानहरूलाई उपलब्ध गराइने सेवा सुविधालाई पारदर्शिता तथा सुशासन कायम गर्दै थप प्रभावकारीता अभिवृद्धि गर्न तीनै तहको साझेदारीमा किसानहरूको आवश्यक विवरणहरू सङ्कलन गरी विद्युतीय प्रणाली व्यवस्थापन तथा सञ्चालन गर्नका लागि किसान सूचीकरण कार्यक्रम कार्यान्वयनमा रहेको व्यहोरा सर्वविदितै छ। सो सम्बन्धमा संघ, प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने वार्षिक स्वीकृत तथा सशर्त कृषि कार्यक्रमको प्रभावकारी कार्यान्वयन, समन्वय तथा पारदर्शिता सुनिश्चित गर्नका लागि यस कार्यालयबाट प्रवाह हुने कृषि र पशुपन्छी सम्बन्धी अनुदान कार्यक्रमहरुमा किसान सूचीकरण दर्ता नम्बर चाहिने भएकाले रामेछाप जिल्लाका सरोकारवाला कृषकहरुले सम्बन्धित स्थानीय तहको कृषि/पशु विकास शाखामा सम्पर्क गरि किसान सूचीकरण दर्ता नम्बर लिनुहुन अनुरोध छ।

०८/११

प्रमोद प्रसाद दाहाल
कार्यालय प्रमुख

फोन नं. ०४८-५४०३०८, ०४८-५४००६३